# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## क्होलासोथार गाँउपालिका,
## लमजुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७।०७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ६०

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
क्होलासोथार गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय,
लमजुङ ।

**कैफियत सहितको राय**

हामीले क्होलासोथार गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ४५ लाख २७ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७८।०७।२३ मा प्राप्त प्रतिक्रियाबाट रू.३६ लाख ८७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.११ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख ८६ हजार, नियमित गर्नुपर्ने रू.९३ लाख २४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१ करोड ९९ लाख ६५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड ७३ लाख ९३ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

क्होलासोथार गाँउपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६६ | ५४ | १४५२७ | ६६ | २१ | ३६८७ | ६६ | ३३ | १०८४० | ११३० | ९३२४ | ३८६ | ० | ० | ९७१० | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | १९९६५ | ० | ३८०३ | १६१६२ | ३९१ | १०८४० | २७३९३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : क्होलासोथार गाउँपालिका, लमजुङ , कव्लासोथार गाउँपालिका , लमजुङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Trilok Chandra Gurung | २०७७-१२-२६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Pitambar Saru | २०७७-४-१ | |
| कार्यालय प्रमुख | Pitambar Saru | २०७७-४-१ | |
| लेखा प्रमुख | Jeevan Sharma | २०७८-४-१ | |
| | | **बेरुजु रकम** | १०,८४०,२१० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,३५,९४,००० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २१,२३,९३,००० | चालु खर्च | २०,६५,६२,००० |
| प्रदेश सरकारबाट अनुदान | २,२९,२६,००० | पूँजीगत खर्च | ७,६६,३५,९९८ |
| राजश्व बाँडफाँट | ४,५६,६३,००० | वित्तीय/अन्य व्यवस्था | १,११,५७,००० |
| आन्तरिक आय | १८,८५,००० | | |
| अन्य आय | १,४१,३०,००० | | |
| कुल आय | २९,६९,९७,००० | कुल खर्च | २९,४३,५४,९९८ |
| बाँकी मौज्दात | | २,७३,९४,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १७५।३७ वर्ग किलोमिटर क्षेत्रफल तथा १००६७ जनसंख्या रहेको छ ।

लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।

**लेखापरीक्षणको क्रममा असूलीः** पालिकाको शिक्षातर्फ तलव, पाठ्यपुस्तक र छात्रवृत्तिमा वढी निकासा भएको रु.३६८,८९९।०० लेखापरीक्षणको क्रममा असूल भई दाखिला भएको छ।

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव (रु हजारमा) | | | | | |
| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | 357059 | 296998 | 296998 | 252940 | 252940 |
| क. प्राप्ति | 330625 | 282868 | 282868 | 231863 | 231863 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (संचितकोषमा आम्दानी बाँधिने) | | | | | | | |
| | | | | ११००० कर | 56906 | 45663 | 45663 | 35635 | 35635 | | |
| | | | | १३००० अनुदान | 271929 | 235320 | 235320 | 194665 | 194665 | | |
| | | | | संघीय सरकार | 244782 | 212393 | 212393 | 182597 | 182597 | | |
| | | | | प्रदेश सरकार | 27147 | 22926 | 22926 | 12068 | 12068 | | |
| | | | | १४००० अन्य राजस्व | 1790 | 1885 | 1885 | 1229 | 1229 | | |
| | | | | १५००० विविध प्राप्ति | | | | 335 | 335 | | |
| | | | | ख. अन्य प्राप्ति | 26435 | 14130 | 14130 | 21076 | 21076 | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | | | | | | |
| | | | | कोषहरु | 8600 | 13607 | 13607 | 4160 | 4160 | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | धरौटी | | 523 | 523 | | | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | 17835 | | | 16916 | 16916 | | |
| | | | | भुक्तानी (ग+घ) | 370654 | 283198 | 283198 | 238751 | 238751 | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | 344219 | 272041 | 272041 | 218660 | 218660 | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | 141368 | 114538 | 114538 | 99161 | 99161 | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | 92266 | 71616 | 71616 | 48108 | 48108 | | |
| | | | | २५००० सहायता (Subsidy) | 950 | 948 | 948 | 658 | 658 | | |
| | | | | | 3278 | 3188 | 3188 | 3488 | 3488 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २६००० अनुदान | | | | | | | |
| | | | | २७००० सामाजिक सुरक्षा | 4476 | 3357 | 3357 | 6393 | 6393 | | |
| | | | | २८००० अन्य खर्च | 2362 | 1759 | 1759 | 946 | 946 | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | 99519 | 76636 | 76636 | 59906 | 59906 | | |
| | | | | घ. अन्य भूक्तानी | 26435 | 11157 | 11157 | 238751 | 238751 | | |
| | | | | कोषहरु | 8600 | 6199 | 6199 | 3175 | 3175 | | |
| | | | | धरौटी | | 176 | 176 | | | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | 17835 | | | 16916 | 16916 | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | -118 | -118 | | | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | -13594 | 13799 | 13799 | 14188 | 14188 | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | 13594 | 13594 | 4408 | 4408 | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | -13594 | 27394 | 27394 | 18596 | 18596 | | |
| | | | | बैंक तथा नगद बाकी | | 27394 | 27394 | 9599 | 9599 | | |

अन्तर सरकारी अख्तियारीको विवरणः

| वजेट उपशिर्षक | निकासा रु हजारमा | खर्च रु हजारमा |
|---|---|---|
| | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| संघीय सरकार अन्तर्गतः | | |
| सामाजिक सुरक्षा | 46479 | 46479 |
| स्थानीय पुर्वाधार साझेदारी | 4536 | 4536 |
| गरिवसँग विश्वेश्वर | | |
| एकिकृतस्वास्थयपुर्वधार वि. का | 947 | 947 |
| प्रदेश सरकार अन्तर्गतः | | |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | 32 | 32 |
| सामाजिक विकास मन्त्रालय | 400 | 400 |
| जम्माः | 52393 | 52393 |

:

**वित्तीय विवरण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : • यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। | |

| विवरण | श्रेष्ता अनुसार | मलेपफा नं २७२ अनुसार | फरक रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | १३५९४२२४ | १३५९४२२४ | ० |
| अन्य आय | ३१३८१२० | २,६९७,५३८.५० | 440582 |
| मौज्दात | २१६५९८५८ | २७३९३६८० | -५७३३८२ |

क. गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात सुत्र अनुसार भनि रु १८६२८३२९.५० राखेको देखिएकोमा यस वर्ष रु १३५९४२२४ मात्र देखिएकोले रु ५०३४१०६। फरक परेको छ। फरक रकम सम्वन्धमा कार्यालयले जानकारी गराएको छैन भने फरक रकमको पुष्ट्याइ पेश गरेको छैन। ख.अन्तिम मौज्दातको विवरण अनुसार श्रेष्ता र मलेपफा नं २७२ मा रु ५ लाख ७३ को फरक रहेकोमा यसको एकिन गरेको छैन। अतः पालिकाले आफ्नो कोषको हिसाव यथार्थपरक वनाउनुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **बैंक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन। बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ। | |

| सि.नं. | खाताको नाम | २०७७ असार मसान्तसम्मको बाँकी रकम | वास्तविक मौज्दात | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता | १७३९२९७० | १४२४९२३८ | ३१४३७३२ |
| २ | पुँजीगत खर्च खाता | ३४२६२८३ | ३१२९६५२ | २९६६३१ |
| | जम्माः | २०८१९२५३ | १७३७८८९० | ३४४०३६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको, • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको देखिएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । • निजामती सेवा ऐन, 2049 को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, • सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • निजामती सेवा ऐन, 2049 को दफा 7 (2) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १ करोड २६ लाख ९३ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यनु मात्रामा मात्र नक्सापास भएको तथा अनुगमन कमजोर रहेको, • स्टील ट्युवुलर पोल १०० थान सिचाइ विकास डिभिजन कार्यालयवाट आएकोमा हामसम्म ३० वडामात्र जडान भएको जानकारी प्राप्त भएकोले वाँकी ७० वटा कार्यालय तथा वडा परिषर भित्र नै रहेको देखिएको • पालिकाभित्र कुल भुमिहिन सुकुम्वासी १७, भुमिहिन दलित ३३ तथा अव्यवस्थित वसोवासीको संख्या ५७ रहेको। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७७।०३।१० गते रु.३४ करोड ४२ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **पूँजीगत खर्चको स्थिति**<br>कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ । सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ९७ मा रोजगारी सिर्जना हुने तथा लाभग्राही समुदायलाई हस्तान्तरण हुने आयोजना मात्र उपभोक्ता समितीवाट गराउनुपर्नेमा जटिल तथा हेभी मेसिन समेत प्रयोग हुने रु ७१६०२१६१।०० को कार्य उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ। उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदा उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।<br><table><tr><td>खरिद विधि</td><td>खर्च रकम</td></tr><tr><td>खुला बोलपत्रवाट</td><td>४९०५४९३२</td></tr><tr><td>सिलबन्दी दरभाउपत्रवाट</td><td>२२०००००</td></tr><tr><td>सोझै</td><td>१७०००००</td></tr><tr><td>उपभोत्ता समिति वा लाभग्राही समुदायवाट</td><td>७१६०२१६१</td></tr><tr><td>जम्माः</td><td>१२४५५७०९३</td></tr></table> | |
| ६ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ३५६, मृत्यु दर्ता १३३ वटा, वसाइ सराइ ४४, घरवाटो सिफारिश ६३ वटा, नागरिकता सिफारिश ३८० वटा तथा नाता प्रमाणित १७६ को अन्य १३३७० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **अनुगमन तथा भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. २३ लाख २७ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>७५</td><td>३९३००००</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>१०७</td><td>२२७३७३९५</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>१७</td><td>१२५८७४६१</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मा योजना</td><td>९</td><td>१७९६८०६२</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>१</td><td>६९५७८६७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०९</td><td>६४१८०७८५</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष कुनै पनि उजुरी नपरेको पालिकाले जनाएको छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ७५ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत वजेट | कुल खर्च | चौमासिक खर्च | | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| कुल पुँजीगत खर्च | ७६६३६ | १८१५ | १७००१ | ५७८२० | ३३६०२ |
| प्रतिशत | १०० | २.३६ | २२.१८ | ७५.४६ | ४३.८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७६४०००० | ३१५५६९०८.७८ | ८३.८४ | ११.६ |
| २ | सामाजिक विकास | १३१५३४८३० | ११४१२६४३५.१४ | ८६.७७ | ४१.९५ |
| ३ | पूर्वाधार विकास | ७२२९१००० | ५६५४५८४६.७७ | ७८.२२ | २०.७९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४३९४००० | २८०३५१३.५ | ६३.८ | १.०३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९८३५९०७४.१५ | ६७००८७८२.३ | ६८.१३ | २४.६३ |
| कुल जम्मा | | ३४४२१८९०४ | २७२०४१४८६.४९ | ७९.०३ | १०० |

उपर्युक्तानुसार कुल खर्चमध्ये कार्यसन्चालन खर्चमा २५ प्रतिशत खर्च भएकोमा पुर्वाधार विकासमा २१ प्रतिशत मात्र खर्च भएको छ। पुर्वाधार विकासमा वढी खर्च गर्ने गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २६ लाख ९७ हजार राजस्व बाँडफाँट र अनुदानबाट रु.२८ करोड ४ लाख ९ हजार समेत रु.२८ करोड ३१ लाख ६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. १९ करोड ८५ लाख ६० हजार र पूँजिगत तर्फ रु ८ करोड १ लाख ३७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. ७३ लाख ८४ हजार खर्च भएको छ जुन आन्तरिक आयको करिव ३ गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतिशत चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| १३ | | | **अनुदान फिर्ता**<br>विनियोजन ऐन, २०७७ को दफा ४ (१२) तथा (१३) मा सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ वचत भएमा त्यस्तो रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सन्चित कोषमा फिर्ता गर्नुपर्ने र फिर्ता नभएमा वित्तीय समानीकरण अनुदानवाट उक्त रकम कट्टा गर्नुपर्ने उल्लेख छ। प्रदेशको हकमा पनि प्रदेश विनियोजन ऐन, २०७७ ले सोही व्यवस्था गरेको छ।प्राप्त विवरण अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्दछ। छलफलको क्रममा उक्त रकम प्रशासकिय भवनको लागि आएको, खर्च धेरै भएकोमा वढी खर्च कार्यालयतर्फवाट भएकोले प्रदेशको श्रोतमा कम खर्च देखिएको जनाएको छ। श्रोत सन्तुलन गरी खर्च मिलान हुने गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ। | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| प्रदेश सरकार | समपुरक | ७५,००,००० | ५६,५५,०८०.९४ | १८,४४,९१९.०६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>कार्यक्रगत प्रगति<br>तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वियनमा लैजानुपर्दछ । पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:<br>
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>झो.पु निर्माणमा साझेदारी कार्यक्रम</td><td>८००</td><td>२१८</td><td>२७.३५</td></tr>
<tr><td>साल्मे कुम्लुङ मोटरबाटो स्तरउन्नति समपुरक अनुदान</td><td>५०००</td><td>१३६९</td><td>२७.३९</td></tr>
<tr><td>घाम्राङ सामुदायिक वाख्रा पालन फार्म कम्पाउन्ड निर्माण</td><td>९००</td><td>०</td><td>०</td></tr>
<tr><td>मर्मत सम्भार तथा पुननिर्माण कोष</td><td>१०००</td><td>०</td><td>०</td></tr>
<tr><td>बर्थिङ्ग सेन्टर स्थापना</td><td>६०००</td><td>०</td><td>०</td></tr>
<tr><td>मालीङ खानेपानी आयोजना</td><td>४८००</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष चालु खातावाट कर्मचारी कल्याण कोषमा रु. ५ लाख ट्रान्सफर गरेको छ । पालिकाका स्थानीय तहका कर्मचारीवाट रकम कट्टा नगरी कर्मचारी कल्याण कोष शिर्षक अन्तर्गत एकमुष्ट रु ५ लाख ट्रान्सफर गर्नु उचित देखिएन ।साथै उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था समेत भएको छैन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन ।यस्तो प्रकृयामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्ण रुपमा प्रयोगमा नआएको**<br>गाउँपालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| १७ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट ४५ लाख ९६ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८ | | | **वित्तीय समानीकरणबाट चालू खर्च**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व वाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छ भने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमा खर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु २ करोड ९५ लाख ७७ हजार वजेट राखी रु २ करोड ५३ लाख ९१ हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व वाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ। | |

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | खर्च |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | 1,072,000.00 | 663,450.00 |
| २१११२ | पारिश्रमिक पदाधिकारी | 2,697,000.00 | 2,620,500.00 |
| २११२२ | खाद्यान्न | 187,000.00 | 186,746.00 |
| २११३९ | अन्य भत्ता | 948,000.00 | 944,950.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | - | - | | |
| | | | | २२१११ | पानी तथा बिजुली | 20,000.00 | - | | |
| | | | | २२११२ | संचार महसुल | 52,000.00 | 9,000.00 | | |
| | | | | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | 20,000.00 | 13,537.00 | | |
| | | | | २२२१३ | सवारी साधन मर्मत खर्च | 30,000.00 | - | | |
| | | | | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | 776,000.00 | 679,349.96 | | |
| | | | | २२३१९ | अन्य कार्यालय संचालन खर्च | 50,000.00 | 28,240.00 | | |
| | | | | २२४११ | सेवा र परामर्श खर्च | 1,000,000.00 | 982,560.00 | | |
| | | | | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | 855,000.00 | 843,500.00 | | |
| | | | | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | 600,000.00 | 596,624.00 | | |
| | | | | २२५२२ | कार्यक्रम खर्च | 9,912,000.00 | 8,907,887.00 | | |
| | | | | २२५२९ | विविध कार्यक्रम खर्च | 1,590,000.00 | 1,456,557.00 | | |
| | | | | २२६११ | अनुगमन, मूल्यांकन खर्च | 515,000.00 | 399,360.00 | | |
| | | | | २२६१२ | भ्रमण खर्च | 270,000.00 | 264,700.00 | | |
| | | | | २२७११ | विविध खर्च | 3,950,000.00 | 2,690,643.00 | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | 550,000.00 | 550,000.00 | | |
| | | | | २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | 100,000.00 | 98,250.00 | | |
| | | | | २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | 300,000.00 | 300,000.00 | | |
| | | | | २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त अनुदान | 2,595,000.00 | 2,595,000.00 | | |
| | | | | २७१११ | सामाजिक सुरक्षा | 100,000.00 | 100,000.00 | | |
| | | | | २७११२ | अन्य सामाजिक सुरक्षा | 50,000.00 | 50,000.00 | | |
| | | | | २७२११ | छात्रवृत्ति | 165,000.00 | 165,000.00 | | |
| | | | | २७२१३ | औषधीखरिद खर्च | 500,000.00 | - | | |
| | | | | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | 270,000.00 | 245,000.00 | | |
| | | | | २८९११ | भैपरी आउने चालु खर्च | 403,000.00 | - | | |
| | | | | | जम्माः | 29,577,000.00 | 25,390,854 | | |
| १९ | | | **रकमान्तर**<br>स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको कुनै शीर्षकवाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ। प्राप्त विवरण अनुसार चालु तथा पुजिगत खर्चबाट ६६ कार्यक्रमको रु २ करोड २७ लाख ९४ हजार रकमान्तरवाट घटाएको देखिन्छ रकमान्तरवाट ८८ टुक्रे योजनामा रु ३ करोड ३४ लाख ८८ हजार थप गरेको देखिएको छ । रकमान्तर गर्दा कानुनको परिधिभित्र रही सम्वन्धीत शिर्षकको २५ प्रतिशत कटे नकटेको एकिन गरेको छैन। चालुमा हुने रकमान्तरमा नियन्त्रण गर्नुपर्दछ। | | | | | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | | |

**सेवा करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी, सवारी चालक, माली, वगैचे, चौकिदार, कार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। तर पालिकाले स्वीकृत दरवन्दी वेगर यस वर्ष सेवा करारमा राख्न नपाइने कर्मचारीलाइ मात्र रु २७६७४४०। भुक्तानी भएको अवस्था छ। ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य उचित देखिएन।

| सि नं | पद | नाम | मासिक तलब | बार्षिक तलब |
|---|---|---|---|---|
| १ | ना.प्रा.स | लक्ष्मी शेर्पा | २६६१० | 345930 |
| २ | ना.प.स्वा.प्रा | सुवास पौडेल | २६६१० | 345930 |
| ३ | ना.प्रा.स | श्रीकान्त न्यौपाने | २६६१० | 345930 |
| ४ | ना.प.स्वा.प्रा | राम प्रासद गुरुङ्ग | २६६१० | 345930 |
| ५ | ना.प.स्वा.प्रा | लेखनाथ पौडेल | २६६१० | 345930 |
| ६ | ल्या अ | नितु गुरुङ्ग | २६६१० | 345930 |
| ७ | स.कम्पु.अ | शोष कुमारी गुरुङ्ग | २६६१० | 345930 |
| ८ | ना.प्र.सा | सम्झना गुरुङ्ग | २६६१० | 345930 |
| जम्मा | | | | 2767440 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | यस सम्वन्धमा छलफल गर्दा कृषि तथा तथा पशु तर्फ संघीय सरकारको कार्यक्रम अन्तर्गतका पालिकावाट समेत पारिश्रमिक व्यहोरिने कर्मचारी रहेको र केही कर्मचारी अत्यावश्यक भइ दरवन्दी भित्र कर्मचारी करारमा लिएको पालिकाले जनाएको छ। | |
| २१ | | | **प्रेस सल्लाहकार**<br>गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । गाउँपालिकाको अध्यक्षका प्रेस सल्लाहकारको रुपमा श्री अस्वीर गुरुङ्ग लाई नियुक्त गरी मासिक रु २६६१०। का दरले भुक्तानी गरेको रकम नियमसंगत देखिएन। | |
| २२ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्ष श्री कुमारी मुनी गुरुङ्गलाई मासिक ४३०००।ले रु ५४१००० भुक्तानी दिएकोमा पारिश्रमिक कर कट्टा गरेको छैन। अतः रु ४ लाख ५० हजार देखि थप रु १ लाख सम्मको १० प्रतिशतले हुन आउने रकम रु ९१००। असुल गर्नुपर्ने रु ..<br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>पालिका श्रोतबाट शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भए अनुसार स्वीकृत दरवन्दीभित्रका शिक्षक लगायतको तलव भत्ता शशर्त अनुदानवाट प्राप्त भइ पालिकाले खर्च गरेको छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आफ्नै स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण लगायतको आन्तरिक श्रोतवाट देहायका विद्यालयलाइ शिक्षक दरवन्दी पर्याप्त नभएको भनि तलवको लागि अनुदानको रुपमा रकम निकासा गरेको पाईयो । आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिने गरी अनुदान दिएको देखियो। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।<br>
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>८१४९००</td></tr>
<tr><td>३२</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>११३८८००</td></tr>
<tr><td>१२०</td><td>निजी श्रोतका ३२ शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>१०८३५६६</td></tr>
<tr><td>१८६</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>२९८</td><td>निजी श्रोतका शिक्षकलाइ तलव भत्ता भुक्तानी</td><td>१५४७७३४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६६००००।</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाट कार्यालय सामानहरु सिधै खरिद गरिएको तथा सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोभैm खरिद गर्न नहुने उल्लेख भएकोमा नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी एउटै फर्मसँग पटक पटक खरिद गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ३१ | मसलन्द सामाग्री (पब्लिक छापाखाना) | २३४०१७ |
| ७९ | मसलन्द्र सामाग्री (पब्लिक छापाखाना) | १४६४९३ |
| १०९ | स्वास्थ्य सामाग्री खरिद (चिराग फार्मसि) | १७८२९२ |
| ३४६ | मसलन्द तथा कार्यलय सामाग्री(लुम्बिनि इन्टरप्राइजेज) | १४२७८८ |
| ३४७ | मसलन्द तथा कार्यालय सामाग्रि(न्यु सप्तरङ्गी प्रिन्टर्स) | १३९८३७ |
| ३४८ | मसलन्द तथा कार्यालय सामाग्रि ( पब्लिक छापाखाना) | १९६३२२ |
| २३२ | ग्याविन तार जालि खरिद (लम्जुङ्ग हार्डवयर सेन्टर एण्ड सप्लायर्स) | ४९९६१६ |
| १६ | पशु शाखाको औषधि खरिद | ४६१९१३ |
| | जम्माः | १९९९२७८ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **आलुको विउ वितरण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। यस गाउँपालिकाले आलुको विउ वितरण गर्दा भौ नं १०४।२०७७।११।०६ आलुको विउ वितरणमा ५० प्रतिशत अनुदानमा रु ५००००० ।को आलुको विउको भुक्तानी कार्यालयको तर्फबाट भएको छ। यसरी कार्यालयले खाद्यान्न तथा बिउ आलु अलैची तथा फलफुल नर्सरी बाट रु १०००००० । को आलुको विउ खरिद गरेको विल राखेकोमा जिन्सी दाखिला फारममा ५ लाख बरावरको आलुको परिमाण दाखिला भएको र वितरणको भरपाई पनि सोही वरावर मात्र रहेको पाइयो । यसरी कार्यलयबाट भुक्तानी भएको रकम बरावरको आलुको दाखिला तथा वितरणको भर्पाइ नभएकोले रु ५०००००। को ६२५० परिमाण दाखिला तथा वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फस्यौंट गरिएको छ।)*** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>

**अनुत्पादक तथा वितरणमुखी खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । आन्तरिक श्रोत कम भएको पालिकाले अनुत्पादक खर्चमा नियन्त्रण गरी विकास निर्माण तथा शिक्षा, स्वास्थ्यमा लगानीमा वृद्दि गर्नुपर्ने देखिन्छ।

<table>
<tr><th>भौ नं</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>२१८</td><td>सामुहिक होमस्टे</td><td>पसगाउँ महोत्सव</td><td>३०००००</td></tr>
<tr><td>३६१</td><td>पर्यटकीय व्यवस्थापन समिति</td><td>घले गाउँ महोत्सव</td><td>२१०२४६</td></tr>
<tr><td>२३२</td><td>लालिगुरास युवा क्लब</td><td>खेलकुद कार्यक्रम</td><td>२६७००</td></tr>
<tr><td>१४५</td><td>युवा तथा खेलकुद विकास समित</td><td>गाउँपालिका फुटबल कार्यक्रम</td><td>१२०००००</td></tr>
<tr><td>२३८</td><td>स्मार्टभेलेज खेलकुद समिति</td><td>खेलकुद कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>१३६</td><td>बागलुङ्गपानी युवा क्लव</td><td>खेलकुद कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td>१३७</td><td>महिला सञ्जाल समिति</td><td>भ्रमण कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>१५६</td><td>उतरकन्या युनाइटेड क्लव</td><td>खेलकुद कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td>१६०</td><td>वडा नं ८</td><td>खेलकुद विकास कार्यक्रम</td><td>४५०००</td></tr>
<tr><td></td><td></td><td>जम्माः</td><td>२१३१९४६</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **गाउँपालिका फुटबल लिग सञ्चालन**<br>कार्यलयले भौ नं १४५।२०७७।१२।१९ वाट गाउँपालिका लिग खेलकुद सञ्चालन को लागि युवा तथा खेलकुद विकास समिति लाई रु १२०००००। खर्च गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् : • खेलकुद कार्यक्रम २०७७।१२।५ देखि २०७७।१२।९ सम्म ५ दिन संञ्चालन भएकोमा खर्चको विवरणमा पुरस्कारमा रु १६१०००।, रेफ्री पारिश्रमिक रु १९००००।, रेफ्री तथा खेलाडी व्यवस्थापन खर्च रु ६३३८००। खेलकुद सामाग्री खरिदमा रु १६७२७०। र संचालन व्यवस्थापन तथा ढुवानीमा रु ४७९३० खर्च गरेको उल्लेख छ । व्यवस्थापन खर्च पर्यटन व्यवस्थापन समिति (घले गाउँ) को विल पेश गरेको छ उक्त विलमा कति जना खेलाडी तथा अन्य व्यक्तिहरु सहभागी थिए उल्लेख नभएको अवस्था छ। कार्यालयले अर्थ मन्त्रालयले तयार गरेको कार्यसन्चालन निर्देशिका, २०७५ मा उल्लेख भएको दर रेट बमोजिम खाजा खाना तथा बसोबासको लागि रकम उपलब्ध गराउनुपर्नेमा नर्म्स विपरीत विल पेश गरेको आधारमा रकम भुक्तानी गरेको छ। • रेफ्री प्रशिक्षकलाइ ९ वटा खेलको रु १००००। को दरले रु १९००००। पारिश्रमिक उपलब्ध गराएको छ भने रेफ्री व्यवस्थापनका लागि खाना तथा खाजा र बसाइको लागि रु ५१७५०। खर्च गरेको छ । रेफ्रिलाइ प्रति खेलको रु १० हजारको दरले रकम दिने कानूनी आधार तयार नगरी भुक्तानी दिनु उचित देखिएन। | |
| २८ | | | **सिलाई बुनाई तालिम सञ्चालन**<br>यस पालिकाले भौ नं २२५।२०७८।०२।२७ मा ३ महिने तालिम सञ्चालनका लागि श्री हिमचुली दलित आमा समुहलाई रु २१५३५०। भुक्तानी दिएको छ। उक्त तालिम सञ्चालनमा २ वटा मेशिन खरिद गरि रु २४०००।को विल पेश भएकोमा उक्त मेशिन कार्यलयमा दाखिला नभएको र अन्य निकायको लागि हस्तान्तरण पनि नभएको अवस्था छ। पालिकाले उक्त मेशिन सदुपयोगको सुनिश्चित गर्नुपर्ने देखिन्छ। | |
| २९ | | | **वितरणको भरपाई नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। पालिकाले भौ नं २३२।२०७८।०३।२७ बाट ग्याविन तार जाली खरिद गरि लम्जुङ्ग हार्डवयर सेन्टर एण्ड सप्लायर्सलाई रु ४९९६१६। भुक्तानी गरेकोमा १०५ वटा जालि मध्ये ६५ वटा जाली वितरण नगरेको पाइयो।जालि वितरणको भरपाई पेश गर्नुपर्ने रु ...<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौंट गरिएको छ।)*** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३० | | | **झोपु हेरालुको तलब**<br>भौ नं ३६५।२०७८।०३।२९ बाट झोपु हेरालुको लागि २९ जनाको ६००० को दरले रु १७४०००।रकम चित्र घलेको नाममा रकम भुक्तानी गरेकोमा ७ जनाले हालसम्म पनि रकम नबुझेकोले बाँकी रकम असुल हुनु पर्ने रु<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |
| ३१ | | | **छात्रवृत्ति**<br>गाउँपालिकाले SEE मा उत्कृष्ट अंक ल्याउने विद्यार्थिलाई छात्रवृति प्रदान गरेको छ। पालिकाले भौ नं ३३० बाट पोखरा इन्जिनियरिङ्ग कलेज लाई ३ जना विद्यार्थिको बार्षिक शुल्क रु ३२१८२५। भुक्तानी गरेको छ। भौ नं ३३१ बाट टेक्नीकल हेल्थ मल्टीप्रपोज इन्स्टीच्युटलाई एच ए अध्ययनको लागि बार्षिक १९९१००। भुक्तानी दिएको छ। त्यस्तै भौ नं ३३५ बाट पोखरा इन्जिनियरिङ्ग कलेज लाई बार्षिक रुपमा ३ जना विद्यार्थिको होस्टेल खर्च बापत रु ४८००००। गरी जम्मा कुल रु १०००९२५। भुक्तानी भएको छ। गाउँपालिकाले छात्रवृति प्रदान गर्दा विद्यार्थि छनोटको आधार एस ई ई मा उत्कृष्ट अंक ल्याउने विद्यार्थि लाई प्रदान गरेको भनिएता पनि विद्यार्थिहरुको शैक्षिक प्रमाणपत्र पेश नभएको र उक्त छात्रवृत्ति छनोट गर्दा कति जना सम्म विद्यार्थि लाई प्रदान गर्ने हो तथा विद्यार्थि छनोटको आधार के हो उल्लेख गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **कार्यविधि भन्दा बढी भुक्तानी**<br>अर्थ मन्त्रालयले तयार गरेको कार्य सन्चालन निर्देशिका, २०७५ मा विभिन्न तालिम तथा गोष्ठी आदिमा हुने खर्चको मापदण्ड तोकिएको छ। सोही अनुसार खर्च गर्नुपर्नेमा पालिकाले भौ नं २९।२०७८।०२।२७ बाट बगुर पालन तालिम र कुखुरा पालन तालिम सहित ३ दिन तालिम सञ्चालन गरेको बापत प्रत्येक दिनको कार्यपत्र बापत रु १०००, प्रस्तुती बापत रु ५०० र पारिश्रमिक बापत रु १६०० भुक्तानी दिएको छ। यसरी कार्यालयको व्यक्तिबाट तालिम सञ्चालन गर्दा रु प्रस्तुति बापत भुक्तानी दिनु नमिल्ने साथै कार्यपत्र बापत रकम भुक्तानी गरिसकेपछि पारिश्रमिक बापत भुक्तानी दिन नमिल्ने देखिएकोले निर्देशिका विपरीत वढी भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु | १२,६०० |

| कार्यक्रमको विवरण | नाम | भुक्तानी भएको रकम | | |
|---|---|---|---|---|
| | | कार्यपत्र बापत | प्रस्तुति बापत | पारिश्रमिक बापत |
| बंगुर तथा कुखुरा पालन सम्बन्धी ३ दिने तालिम | तिर्थ मान श्रेष्ठ | ६००० | ३००० | ९६०० |
| बंगुर तथा कुखुरा पालन सम्बन्धी ३ दिने तालिम | लेखनाथ श्रेष्ठ | ३००० | १५०० | ४८०० |
| | | | ४५०० | १४४०० |
| | | | | |

***(उपरोक्त बेरुजु मध्ये लेखनाथ श्रेष्ठको रु. ६३०० कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फस्यौंट गरिएको छ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **कार्यालयको काम उपभोक्ता समिति मार्फत् गराएको**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु ४०,६३,४६७। खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु. | ४,०६३,४६७ |

| भौ नं. | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| | जिल्ला समन्वय समितिवाट प्राप्त कोषवाट खर्चः | |
| २ | वडा नं ७ को भवन निर्माणको लागि वडा कार्यालय भवन निर्माण उ स लाइ भुक्तानी | १०३९४६७ |
| ३ | वडा नं ४ को वडा कार्यालय निर्माणको लागि वडा कार्यालय भवन निर्माण उ स लाइ भुक्तानी | ३०२४००० |
| | जम्माः | ४०६३४६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **आवधिक योजना निर्माण**<br>पालिकाले स्थापना भएको ५ औ वर्ष लाग्ने क्रममा मात्र ३ वर्ष अवधिको आवधिक योजना तयार गरेको छ। आवधिक योजनको लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले रु ५ लाख र वाँकी पालिकाले गरी भौ नं २ विविध खर्च तथा भौ नं ३६९ पालिका चालुवाट सिम्ले इन्फोटेक प्रालिलाइ कुल रु १४८२५६०। भुक्तानी गरेको देखिन्छ। यसमा देखिएका व्यहोराहरु देहायअनुसार छन्:<br>क. सार्वजनिक खरिद नियमावली, २०६४ को अनूसुची १ क मा भ्रमण, वसोवास, मालसामान वा उपकरण वा सेवा लगायतका खर्च लाइ सोधभर्ना हुने खर्च भनि उल्लेख गरेको छ। जसअनुसार सिम्ले इन्फोटेक प्रालिले पेश गरेको आर्थिक प्रस्ताव तथा संझौता अनुसार कुल रु ३८६४६०। (मु अ कर वाहेको रु ३४२०००।) को सोधभर्ना हुने खर्च भनि उल्लेख गरेको तर विल पेश नगरेको अवस्था छ। उक्त खर्च अन्तर्गत मु अ कर वाहेक यातायातमा १२००००।, अफिस भाडामा रु ८० हजार, फिल्ड ट्रिपमा रु १२००००। तथा प्रतिवेदनमा रु २२ हजार रहेको देखिएकोमा विल विजक पेश नगरेकोले उक्त खर्चका प्रमाण पेश गर्नुपर्ने रु ... ख. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख भएकोमा लागत अनुमान तयार नै नगरी ३ वटासँग दररेट माग गरी एक फर्मवाट रु १४८२५६०।को काम गराइ भुक्तानी दिएको छ। लागत अनुमान नै तयार नगरी संझौता गर्नु उचित देखिएन। योजना निर्माणमा कति जनशक्ति कस्तो प्रकारको लाग्ने हो, दर कति हो, कति म्यान डेज लाग्ने हो एकिन नगरी ३ फर्मसँग मात्र दररेट माग गरी एक परामर्शदाता छनोट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। ग. उक्त फर्मले त्रिवर्षिय योजना भनि ४०६ पृष्ठको प्रतिवेदन दिएको तर त्यसमा पालिकाका गौरवका योजना, रुपान्तरणकारी योजना, वहुवर्षिय योजनाहरु केही उल्लेख नगरी केही क्षेत्रगत व्यहोराहरु उल्लेख गरेको देखिन्छ। पालिकाले यस योजनालाइ स्वीकृत गरेको तथा प्रकाशन गरेको समेत देखिदैन। ९ वटा वडा भएको यस पालिकामा ५० को हाराहारीमा जनप्रतिनिधि रहेको तथा थुप्रै कर्मचारी रहेकोमा संघ तथा प्रदेशका योजनासँग मिलान गर्ने गरी आफैले यस्ता योजना वनाउन सकिने र आफ्नो पालिका भित्रका समस्या, अवस्था, लाभका क्षेत्र तथा आर्थिक सामाजिक अवस्थाको वारेमा पालिकालाइ नै वढी ज्ञान हुने अवस्थामा आफ्नै जनशक्ति प्रयोग नगरी लागत अनुमान नै तयार नगरी परामर्शदाता छनोट गरी कार्य गराउनु उचित देखिएन। | ३८६,४६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>
लागत अनुमान तयार नगरी ठेक्का<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको, ११ मा मालसामानको तथा १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ भने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको हकमा जतिसुकै रकमको तथा अन्यको हकमा रु १ लाख भन्दा वढी रकमको कामको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। तर पालिकाले देहायका कामको लागि प्रतिस्पर्धाको माध्यमवाट खरिद गरेकोमा लागत अनुमान नै तयार गरेको छैन। जसले गर्दा फर्मले पेश गरेको आर्थिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही रहे नरहेको एकिन गर्ने आधार भएन भने फर्मले पेश गरेको विओक्यू सहि तथा वास्तविक भए नभएको समेत एकिन गर्ने आधार भएन। अतः लागत अनुमान अनिवार्य रुपमा तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>भौ नं</th><th>कामको विवरण</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३६९, विविध २</td><td>आवधिक योजना निर्माण</td><td>सिम्ले इन्फोटेक प्रालि</td><td>१४८२५६०</td></tr>
<tr><td>३</td><td>एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ सैयाको अस्पतालको डिपिआर</td><td>पिस इन्जिनियरको घर जेभी</td><td>७९०३२२</td></tr>
<tr><td></td><td>कृषि पुजीगत उपशिर्षकः</td><td></td><td></td></tr>
<tr><td>३९</td><td>८ वटा प्लाष्टिक घर निर्माण</td><td>पि वि सप्लायर्स</td><td>१२९५०००</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>३५६७८८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
होमस्टेमा विशेष अनुदान<br>
होमस्टे भएका गाउँमा सोलार वत्ती जडान कार्यक्रमको लागि प्रदेश सरकारले रु ५० लाख विशेष अनुदान दिएकोमा रु ३२ लाख ८० हजार खर्च भएको देखिन्छ। गण्डकी प्रदेशले आफै सन्चालन गरेको होमस्टे अनुदान कार्यक्रम जिल्ला स्थित डिभिजन वन कार्यालयमार्फत कार्यान्वयनमा रहेकोमा विशेष अनुदानमार्फत सोही होमस्टेमा सोलार वत्ती जडानको लागि रकम दिँदा दोहोरो पर्न सक्ने देखिएकोले दोहोरो नपर्ने सुनिश्चित गर्नुपर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **तारजालीको काममा ढुङ्गा प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले साल्मे कुम्लुङ मोटरवाटो स्तरोन्नतीको लागि साल्मे कुम्लुङ मोटरवाटो स्तरोन्नती उपभोक्ता समितिलाइ भौ नं १२८ वाट रु २२८२२०५। भुक्तानी गरेको छ। कामको नापी किताव परिक्षण गर्दा उक्त समितिले एक्साभेसनको काममा ब्रेकर प्रयोग गरेर १५७.७३ घनमिटर ढुंगा फोरेको देखाएको छ भने सोही वाटोको विभिन्न ठाउमा तारजालीमा ३३६.५० घनमिटर ढुंगा भर्ने काम (३३६.५० घनमिटरमा प्रति घनमिटर रु २७१९।२५ को दरले कुल रु ९१५०२७। को जाली भर्ने काम गरेको) गरेको समेत देखाएको छ। एकै वाटोको विभिन्न चेनेजमा ब्रेकर प्रयोग गरेर ढुंगा निकालेको तर सोही ढुंगा प्रयोग गरेर जालीमा ढुंगा भर्ने काम नगरेको कारण १५७.७३ घनमिटर ढुंगाको जिल्ला दररेट अनुसार १८९७।५० को दरले रु ३२९२२२। को वढी व्ययभार पारेको छ। अतः प्रयोग हुन सक्ने ढुंगा प्रयोग नगरी जिल्ला दररेटका आधारमा वाहिरको ढुंगाको दर र ज्यामी ज्याला प्रयोग गर्दा उक्त रकम अनावश्यक भुक्तानी हुन गएकोले यसरी वढी व्ययभार पार्ने गरी दरविश्लेषण गरेको रकम अनियमित देखिएको रु ... | ३२९,२२२ |
| ३८ | | | **प्रशासनिक भवन निर्माण**<br>पालिकाले कार्यालयको प्रशासनिक भवन निर्माणको रु ६१५,३०,९०२। को लागत अनुमान तयार गरि वोलपत्र आह्वान गरी रु ४१९,७४,८४५। मा रविना अविसा विकोन जेभी सँग संझौता गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:<br>क. श्रोतको सुनिश्चितता नभइ ठेक्काः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (६) मा वजेट तर्जुमा गर्दा खर्चको श्रोत सुनिश्चितता भएको हुनुपर्ने उल्लेख छ। पालिकाले यस भवनको लागि रु ४१९,७४,८४५। मा रविना अविसा विकोन जेभी सँग संझौता गरेकोमा श्रोतको सुनिश्चितता वेगर ठेक्का संझौता गरेको छ। कानूनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **परामर्शदाता र कार्यालयले तयार गरेको आइटम र दरमा फरक**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले कार्यालयको प्रशासनिक भवन निर्माणको लागि परामर्शदातावाट डिपिआर तयार गरेकोमा परामर्शदाताले रु ४६९,३४,०४७। को लागत अनुमान तयार गरेको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश गरेको तर ठेक्का व्यवस्था गर्दा सोही भवनको लागि रु ६१५,३०,९०२। को लागत अनुमान तयार गरि वोलपत्र आह्वान गरी रु ४१९,७४,८४५। को संझौता गरेको छ। साथै देहायका आइटममा समेत परिमाण र दर फरक पारेको देखिन्छ। फरक परेको नया दर लेखापरीक्षणका क्रममा पेश नगरेकोले दर विश्लेषण सहि हो वा होइन एकिन गर्न सकिएन। परामर्शदाताले पेश गरेको प्रतिवेदनको तुलनामा अधिकांश आइटमको परिमाणमा तलमाथि भएको छ भने दरमा समेत फरक परेको छ। मुख्य केही ठुला आइटमको परिक्षण गर्दा ४ आइटमको काममा लागत अनुमानमा रु 1769645। फरक परेको देखिएकोले उक्त रकम अनियमित देखिएको रु ... | १,७६९,६४५ |

| विवरण | परामर्शदाताले तयार गरेको | | कार्यालयले वोलपत्र गरेको | | फरक परिमाण | फरक दर | वढी लागत अनुमान रकम (मुअकर समेत) |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | दर | परिमाण | दर | | | |
| pcc 1:1.5:3 (M 20) | 414.45 | 20735.7 | 493.1 | 22083.04 | 78.65 | 1347.34 | 750742 |
| providing and fixing fe 500 | 57.58 | 125245 | 57.77 | 127626.7 | 0.19 | 2381.66 | 155475 |
| steel reinforcement in rcc works | | | | | | | |
| brick work 1:6 | 229.13 | 15437.04 | 213.1 | 18635.54 | -16.03 | 3198.5 | 770208 |
| brick work 1:4 | 104.25 | 21867.32 | 104.25 | 22658.64 | 0 | 791.32 | 93219 |
| | | | | | 0 | 0 | 1769645 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **प्रोभिजनल समको बिल नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ र १२३ मा विल विजक र प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष दुइ रनिङ विलवाट रु ६९५७८६७। भुक्तानी गरेको छ। जसमा पहिलो रनिङ विलवाट प्रोभिजनल सम अन्तर्गत वीमाको रु ५८६२९५।वीमाको विलका आधारमा भुक्तानी गरेको छ तर रविना अविसा विकोन जेभीले कत रकमको विजक जारी गरेको देखिदैन। ठेक्का प्राप्त गर्ने जेभीले विल पेश नगर्दा वीमा वापतको खर्च भएको रकमको आम्दानीमा नदेखिने तर खर्च घटाउन पाउने हुँदा निजले तिर्नुपर्ने आयकरमा कमी आउने भएकोले आगामी रनिङ विल भुक्तानी गर्दा उक्त जेभीवाट थप रु ५८६२९५। को विजक जारी गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |
| ४१ | | | **प्यान बिलको आधारमा भुक्तानी**<br>सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १९ मा रु २० हजार भन्दा वढीको निर्माण कार्य वा मालसामानको खरिद गर्दा मु अ करमा दर्ता भएका फर्म तथा व्यवसायवाट मात्र खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौ नं १७३ वाट वुद्दोदय माविलाइ फर्निचर खरिद गरेवापत रु १लाख ५० हजार भुक्तानी दिएको देखिन्छ। विल परिक्षण गर्दा होम डेकोरेशन सेन्टरको रु ४२४८०। को विल तथा इशानेश्वर सप्लायर्सको २२९६८। को फर्निचरको विल मुअकरमा दर्ता नभएको देखिन्छ। मुअकरमा दर्ता भएको फर्म वा कम्पनीसँग कारोवार गरी यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२ | | | **पेभिङ ढुङ्गामा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले तमु प्ये ल्हु संघ पोचोको क्वोइवो धी लाइ भौ नं १३७ वाट रु ६ लाख भुक्तानी गरेको छ। जसमा टिपिकल डिजाइन स्टोन पेभिङ (५ सिएम थिक) को लागि जिल्ला दररेट प्रयोग नगरी वजार दरका आधारमा प्रति वर्गमिटर रु १५०६।४ को विल राखी २३६।३७ वर्ग मिटर ढुंगा प्रयोग भएको देखाएको छ तर विल अध्ययन गर्दा कुल रु ३१२२००। विल मात्र पेश गरेको देखिएकोले विल भन्दा रु २८८०२। वढी खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने रु.. साथै जिल्ला दररेटमा प्रति वर्गमिटर रु ५५०। उल्लेख भएकोमा मेशिनमेड भनि प्रति वर्गमिटर रु १५०६।४ दर राखी वढी दर कायम गर्दा उक्त काममा रु २२६०६४। को वढी व्ययभार पारेको देखिन्छ। जिल्ला दररेटको आइटम समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ।<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |
| ४३ | | | **पेभिङ् ढुङ्गामा ओभरल्याप**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले कोल्दो आन्द्र सम्म गोरेटो वाटो निर्माण उ स लाइ भौ नं १०३ वाट रु ३६००००। भुक्तानी गरेको छ। जसमा ५० एमएम थिक पेभिङ विथ सिमेन्ट मोर्टार १:४ को कामको लागि जिल्ला दररेट प्रयोग नगरी वजार दरका आधारमा प्रति वर्गमिटर (ढुंगाको मात्र रु १३४४।८ को रेट राखी) रु २२३१।८८ को दर विश्लेषण गरी २०२.४४ वर्ग मिटरको काम गरेको देखाएको छ। स्टोन पेभिङको काम सतहमा, त्यो पनि १:४ को सिमेन्ट मसलामा प्रयोग गरेपछि ओभरल्याप नहुनेमा २० प्रतिशत ओभरल्याप भएको देखाइ कुल ३३.७४ वर्ग मिटर ओभरल्याप देखाउदा कुल रु ७५३०४। वढी भुक्तानी गरेकोले उपभोक्ताको अंश २२ प्रतिशत कट्टा गरी वाँकी रकम असुल गर्नुपर्न रु .. | ५८,७५१ |
| ४४ | | | **मेशिनमेड ढुङ्गाको प्रयोगमा बढी दररेट**<br>साथै जिल्ला दररेटमा प्रति वर्गमिटर रु ५५०। उल्लेख भएकोमा मेशिनमेड भनि प्रति वर्गमिटर रु १३४४।८० दर राखी वढी दर कायम गर्दा उक्त काममा रु १६०८९९। को वढी व्ययभार पारेको देखिन्छ। भवनको काममा मेशिनमेड ढुंगा प्रयोग गर्न केही हदसम्म आवश्यक देखिएतापनि वाटोको काममा वढी दररेट राख्ने गरी मेशिनमेड प्रयोग गर्ने गरी वढी दर विश्लेषण गर्नु उचित देखिएन। यसरी वाटोको काममा थप व्ययभार पार्ने गरि लागत अनुमानमा वृद्दि गरी वढी खर्च लेखेको रकम अनियमित देखिएको रु | १६०,८९९ |
| ४५ | | | **नर्म्स फरक पारी बढी भुक्तानी** | १००,६३७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग्रामिण सडकहरुको लागि स्थानिय पुर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) ले नर्म्स तयार पारेको छ । स्थानीय तहले ग्रामीण सडकहरु लगायतका पुर्वाधार तयार गर्दा सोही नर्म्स प्रयोग गरेको देखिन्छ । नर्म्स अनुसार नरम माटो काट्ने कामको लगि प्रति घनमिटर ०.५ तथा कडा माटोको लागि ०.६ म्यानडेज प्रयोग हुने उल्लेख भएकोमा कार्यालयले उक्त कामको लागि भवनको नर्म्स प्रयोग गरी क्रमश ०.७ र ०.८ म्यानडेज प्रयोग गरेको छ। डोलिडारको नर्म्समा उल्लेख भएको दर भन्दा वढी दर राखेकोले देहायअनुसार उपभोक्ता समुहको योगदानको प्रतिशत कट्टा गरी बाँकी रकम वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.... | |

| भौ नं | कामको विवरण | माटो काट्ने कामको विवरण | माटो काट्ने कामको परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | कार्यालयको योगदान प्रतिशत | वढी भुक्तानी | कार्यालयको योगदान |
|---|---|---|---|---|---|---|---|---|
| ११० | भोजे आन्तरिक गोरेटो वाटो निर्माण | कडा माटो | ४६.७ | 650.96 | 488.22 | 81.49 | 6194 | 250000 |
| 111 | उपल्लो चरागाउँ आन्तरिक गोरेटो वाटो निर्माण | कडा माटो | ५८.५ | 650.96 | 488.22 | 79.26 | 7546 | २८८००० |
| 129 | काम्दु देखि वर्थिङ सेन्टर सम्म सिढी निर्माण उ स | कडा माटो | १४६.८६ | 650.96 | 488.22 | 84.72 | 20249 | 251053 |
| १४० | दोभान खोला वृहत सिचाइ कुलो निर्माण उ स | कडा माटो | १५७.५ | 650.96 | 488.22 | 84.56 | 21674 | 240000 |
| 17 | म्रोचे गोरेटोवाटो निर्माण उ स | नरम माटो | २२.१८ | 569.59 | 406.85 | 77.04 | 2781 | 192000 |
| 55 | घाम्राङ कृषि सडक निर्माण उ स | कडा माटो | ७२.२५ | 650.96 | 488.22 | 73.64 | 8658 | 288000 |
| 56 | वगुम टोल देखी हेल्थपोष्ट जाने गोरेटो वाटो निर्माण | कडा माटो | ३३.३५ | 650.96 | 488.22 | 80.90 | 4391 | 144000 |
| 57 | पगुम गाउँ गोरेटो वाटो स्तरोन्नती | कडा माटो | २५.२ | 650.96 | 488.22 | 81.70 | 3351 | 192000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 68 | जनकल्याण टोल गोरेटो वाटो निर्माण | नरम माटो | २७.७ | 569.59 | 406.85 | 78.84 | 3554 | 288000 |
| 74 | घिचे गाउँ आन्तरिक गोरेटो वाटो स्तरोन्नती | कडा माटो | २२.०५ | 650.96 | 488.22 | 79.29 | 2845 | 192000 |
| १४१ | तलय फाँट सिचाइ कुलो निर्माण उ स | कडा माटो | १०१.२५ | 650.96 | 488.22 | 82.43 | 13583 | 144000 |
| 164 | वाटो सरसफाइ तथा मर्मत उ स | कडा माटो | ४३.५ | 650.96 | 488.22 | 86.65 | 6134 | 162140 |
| ९ | कुम्लुङ भोजे सडक स्तरोन्नतो उ स<br>(स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम) | कडा माटो | २३८.५ | 650.96 | 488.22 | 90.00 | 34934 | 1206950 |
| | | | ९९५.५ | ८२९९.७ | | | १३५८९४ | ३८३८१४३. |

***(उपरोक्त बेरुजु मध्ये दोभान खोला वृहत सिचाइ कुलो निर्माण उ स रु.२१६७४ र तलय फाँट सिचाइ कुलो निर्माण उ स रु.१३५८३ कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **इट्टामा न्यून विजकीकरण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएकोमा खर्चका विल परिक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्युन मात्रामा विजक पेश गरेको देखियो। इट्टाको काममा जिल्ला दररेटमा क्लास अनुसार प्रति इट्टा रु. १३, १४ र १६ रहेकोमा यस कार्यालयले अधिकांशमा रु १५। कायम गरेको छ तर विजक परिक्षण गर्दा प्रति इट्टा रु ५। देखि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

११। भित्र खरिद गरेको देखिएकोमा समेत रु १५। कै दरले मुल्यांकन गरी भुक्तानी दिएको छ। पालिकाले न्युन विजकीकरणलाइ निर्मुल पार्न विल अनुसारको मुल्यांकन गर्नु जरुरी देखिन्छ भने उपभोक्ताले विल भर्पाइ पेश गर्नुपर्ने कानूनी व्यवस्था भएकोले विलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु 479,087। वढी भुक्तानी भएको देखिएको छ। न्युन विजकिकरणको अन्त्य गरी कम विजक पेश भएमा सोही अनुसार भुक्तानीको व्यव्था मिलाउनुपर्दछ।

| भौ नं | भुक्तानी पाउनेको नाम | कुल भुक्तानी रकम | कार्यालयको योगदान | व्रिक वर्कको काम (घनमि) | प्रयोगमा आएका इट्टा | दररेट | उपभोक्ता समितिको विल अनुसारको दर | फरक दर | उ स को योगदान कट्टा गरी वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | जि स स अनुदान (विविध कोष) तर्फः | | | | | | | | |
| ३ | वडा नं ४ को वडा कार्यालय निर्माणको लागि वडा कार्यालय भवन निर्माण उ स | ३०२४००० | 90.08 | ३९.६ | 22176 | 16.95 | 7.91 | 9.04 | 180593 |
| | पालिका पुँजीगत तर्फः | | | | | | | | |
| 46 | गाउँटोल सामुदायिक भवन निर्माण उ स | १९२००० | 80.85 | ६.५५ | 3668 | 16.95 | 11.3 | 5.65 | 16756 |
| 53 | जनजाती क्होइवो घर निर्माण योजना उ स | 864000 | 90.41 | 4.67 | 2615.2 | 16.95 | 6.78 | 10.17 | 24046 |
| 94 | वर्थिङ सेन्टर स्थापना उ स | ३३२५५१४ | 89.88 | ३६.५७ | 20479.2 | 18.08 | 8 | 10.08 | 185550 |
| 147 | सयपत्री आमा समुह भवन निर्माण उ स | ६७२००० | 84.08 | ९.१८ | 5140.8 | 16.95 | 8.48 | 8.48 | 36631 |
| 166 | तमु संग्रहालय भवन निर्माण उ स | ६७२००० | 89.13 | ७.८७ | 4407.2 | 16.95 | 7.91 | 9.04 | 35511 |
| | | | | | | | | | 479087 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | स्टोन मेशनरीको काममा ओभरल्याप | ३००८९६ |

**स्टोन मेशनरीको काममा ओभरल्याप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक जाँच गरी वास्तविक कामको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले ड्राइ स्टोन मेशनरीको काममा शुरु लागत अनुमानमा नै नर्म्स अनुसार १० प्रतिशत ढुंगा थप गर्ने गरेकोमा नापीमा २० प्रतिशत ओभरल्याप हुने मान्यता राखी मुल्यांकन गर्दा नमुना छनोट गरि हेरिएका विभिन्न ७ योजनामा मात्र रु ३ लाख वढी भुक्तानी भएको छ। अति भिरालो अवस्थामा कुनै ठाउमा वढी ओभरल्याप गर्नुपर्ने अवस्था हुने भएतापनि केही मात्र भिरालो तथा तेर्सो ठाउमा कम मात्र ओभरल्याप गरे पुग्नेमा समग्रमा २० प्रतिशत ओभरल्याप दिनु उचित देखिएन। यसरी २० प्रतिशत ओभरल्याप दिन मिल्ने कानूनी आधार तथा नर्म्स भए पेश गर्नुपर्दछ। अन्यथा यसरी नर्म्स वेगर भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| भौ नं | भुक्तानी पाउनेको | dry stone masonry | दर | 20 प्रतिशत ओभरल्याप | २० % ओभरल्यापको मुल्य |
|---|---|---|---|---|---|
| ११० | भोजे आन्तरिक गोरेटो वाटो निर्माण | 50.4 | ४७५७.२५ | 8.4 | 39961 |
| 111 | उपल्लो चरागाउँ आन्तरिक गोरेटो वाटो निर्माण | 66.87 | ४७५७.२५ | 9.95 | 47311 |
| 129 | काम्दु देखि वर्थिङ सेन्टर सम्म सिढी निर्माण उ स | 42.19 | ४७५७.२५ | 7.03 | 33451 |
| 16 | छारने गोरेटो वाटो निर्माण उ स | ५१.७८ | ४७५७.२५ | 8.63 | 41055 |
| 17 | म्रोचे गोरेटोवाटो निर्माण उ स | 74.12 | ४७५७.२५ | 12.35 | 58768 |
| 32 | सातकन्या देखि पुरानो जीप स्टेशन सम्म सिडी वाटो निर्माण उ स | ६०.७७ | ४७५७.२५ | 10.13 | 48183 |
| 74 | घिचे गाउँ आन्तरिक गोरेटो वाटो स्तरोन्नती | 40.57 | ४७५७.२५ | 6.76 | 32167 |
| | जम्माः | | | | 300896 |
| | १० प्रतिशत ओभरल्याप दिएको अवस्थामा वढी हुने रकम | | | | १५०४४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **नर्म्समा फरक**<br>कार्यालयले सडक निर्माणका धेरै आइटमको दररेट राख्दा भवन विभागले तयार गरेको दररेट राखी लागत अनुमान तयार गरेको छ। सडक निर्माणका कार्यमा सडक विभागको नर्म्स राख्नु उचित हुनेमा भवनको नर्म्स राख्नु उचित देखिएन। कार्यालयले विभिन्न भौ नं वाट उपभोक्ता समितिले ड्राइ स्टोन मेशनरीको काममा तल उल्लेखित घनमिटरको काम भएकोमा भवनको दररेट प्रयोग नगरी सडकको दररेट प्रयोग गरेको अवस्थामा देहायअनुसार रु २ लाख २ हजार वचत हुने अवस्था देखिएको हुँदा दर विश्लेषण गर्दा कम लाग्ने गरी विश्लेषण गरी सरकारी रकमको सदुपयोग गर्नुपर्ने देखिन्छ। | |

| भौ नं | उपभोक्ता समितिको नाम | dry stone masonry को काम (घमी) | दर | सडक विभागको दर | फरक रकम |
|---|---|---|---|---|---|
| ११० | भोजे आन्तरिक गोरेटो वाटो निर्माण | 50.4 | ४७५७.२५ | ४३१८.१२५ | 22132 |
| 111 | उपल्लो चरागाउँ आन्तरिक गोरेटो वाटो निर्माण | 66.87 | ४७५७.२५ | ४३१८.१२५ | 29364 |
| 129 | काम्दु देखि वर्थिङ सेन्टर सम्म सिढी निर्माण उ स | 42.19 | ४७५७.२५ | ४३१८.१२५ | 18527 |
| 16 | छारने गोरेटो वाटो निर्माण उ स | ५१.७८ | ४७५७.२५ | ४३१८.१२५ | 22738 |
| 17 | म्रोचे गोरेटोवाटो निर्माण उ स | 74.12 | ४७५७.२५ | ४३१८.१२५ | 32548 |
| 32 | सातकन्या देखि पुरानो जीप स्टेशन सम्म सिडी वाटो निर्माण उ स | ६०.७७ | ४७५७.२५ | ४३१८.१२५ | 26686 |
| 56 | वगुम टोल देखी हेल्थपोष्ट जाने गोरेटो वाटो निर्माण | 24.41 | ४७५७.२५ | ४३१८.१२५ | 10719 |
| 57 | पगुम गाउँ गोरेटो वाटो स्तरोन्नती | ४९.६८ | ४७५७.२५ | ४३१८.१२५ | 21816 |
| 74 | घिचे गाउँ आन्तरिक गोरेटो वाटो स्तरोन्नती | 40.57 | ४७५७.२५ | ४३१८.१२५ | 17815 |
| | | | | | 202344 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **जालीमा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले श्री लालिगुँराश युवा क्लव परिवारलाइ खेल मैदान निर्माण कार्यको लागि भौ नं १ वाट रु ४८०,०००। भुक्तानी दिएको छ। उक्त कामको नापी परिक्षण गर्दा फेव्रिकेशन अफ ग्याविन वक्सको काममा १.५*१*१ को ४० थान जाली प्रयोगमा आएकोमा प्रति जाली ८ वर्ग मिटर हुनेमा प्रति जाली ९ वर्गमिटर राखी दर विश्लेषण गर्दा प्रति वर्गमिटर रु ३१०।७५ को दरले रु १२४३०। वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १२,४३० |
| ५० | | | **गिट्टी बालुवामा मुअकर दिएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको प्रमाण राख्नुपर्दछ। कार्यालयले स्थानीय पुर्वाधार विकास साझेदारी तर्फ भौ नं ३ वाट तिजे उत्तरकन्या देवी मन्दीर पुनर्स्थपनाको लागि रु १३२८८१२। भुक्तानी गरेको छ। दर विश्लेषण गर्दा गिट्टी तथा वालुवामा मु अ कर समेत लाग्ने गरी लागत अनुमान तयार गरेको तर मुअकर विजक पेश नभएकोले उक्त कामको पिसिसि, स्टोन मेशिनरीमा प्रयोगमा आएका गिट्टी तथा वालुवाको मु अ कर रकम रु ७८४३। असुल गर्नुपर्ने रु | ७,८४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **सामुदायिक सिकाई केन्द्र अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को क्रियाकलाप नं २-७-१३-११ को ६-७ मा स्थानीय तहले नियमित रुपमा चलेका सिकाई केन्द्रको व्यवस्थापन समितीले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको न्युनतम तलव भत्ताको रकम उपलव्ध गराई वाँकी रकम प्रस्तावका आधारमा उपलव्ध गराउने गरी अधिकतम २ लाख सम्म अनुदान दिने व्यवस्था रहेको छ।पालिकामा रहेका देहायवमोजिमका सामुदायिक सिकाइ केन्द्रलाई प्रस्ताव वेगर रु.२ लाखका दरले अनुदान दिएको देखिन्छ। यसरी खर्चका यथेष्ठ प्रमाण तथा प्रस्ताव वेगर थप निकासा दिएको रकम अनियमित देखिएको रु.<br><br>सिकाई केन्द्र — रकम<br>जनकल्याण सामुदायिक सिकाई केन्द्र — २०००००<br>मिलिजुली सामुदायिक सिकाई केन्द्र — २०००००<br>जम्मा — ४०००००<br><br>सामुदायिक सिकाई केन्द्रले उक्त अनुदान रकमवाट ल्यापटप कम्प्युटर खरिद तथा इन्टरनेट जडानमा खर्च गरेको कार्यालयको भनाई रहेकोमा सो खर्च पुष्टी गर्ने कागजात तथा विल भरपाई पालिकामा पेश भएको देखिदैन। | ४००,००० |
| ५२ | | | **सामाजिक आर्थिक लेखापरीक्षण**<br>४९।०७७।११।१९ स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण वापत आधारभुत तह सञ्चालित विद्यालयहरुका लागी रु १० हजार र माध्यामिक सञ्चालित प्रति विद्यालय लाई रु १५ हजारका दरले निकासा दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को २.७.१३.१० मा रहेकोमा पालिकाले यस वर्ष ९ माध्यमिक विद्यालयलाई रु.१५०००।०० का दरले र २० आधारभुत विद्यालयलाई रु.१००००।०० का दरले रु ३३५०००।०० सामाजिक परीक्षण तथा आर्थिक लेखापरीषण वापत रकम निकासा गरेकोमा लेखापरीक्षण सम्पन्न नभएकोले नियमानुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असूल गर्नेपर्ने रु<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्योट गरिएको छ।)*** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **शिक्षक दरबन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुमा १४२ शिक्षक दरवन्दी रहेकोमा १४२ दरवन्दीमा पदपुर्ति भएको देखिन्छ।पदपुर्तिमध्ये ७३ जना शिक्षक करारवाट अर्थात कुल दरवन्दीको ५१ प्रतिशत करारवाट पदपुर्ति भएको छ। पालिकाले रिक्त एवम् करारवाट पदुपुर्ति भएको दरवन्दीमा स्थायी पदपुर्ति गरि गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नुपर्दछ। पालिकाले मिति २०७८।०३।२१ मा शिक्षा मानव स्रोत विकास केन्द्रलाई पठाएको पत्रानुसार पालिकामा प्रावि तहका १० दरवन्दी पुल दरवन्दीमा रहेको र मा वि तहमा शिक्षक अभाव देखिएकोले यथाशिघ्र दरवन्दी मिलान गर्नुपर्ने देखिन्छ। | |
| ५४ | | | **दरबन्दी बेगरको विद्यालयलाई थप अनुदान**<br>११८।२०७८।०३।२० पालिकाले दरवन्दी नभएका आधारभुत तथा माध्यमिक विद्यालयमा अग्रेजी गणित विज्ञान विषयमा शिक्षक सहयोग अनुदान शिर्षकअर्न्तगत पालिकाका वनस्थली मा वि र हिमालयन मा वि लाई रु.४३१८८० का दरले जम्मा रु ८६३७६०।०० अनुदान उपलव्ध गराएको छ।पालिकाले दरवन्दी मिलान गरी आवश्यक दरवन्दीमा स्थायी पदपुर्ती गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नुपर्दछ। | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><th>नाम</th><th>वार्षिक आय</th><th>कुल कट्टी</th><th>करयोग्य आय</th><th>तिर्नुपर्ने कर</th><th>तिरेको कर</th><th>वाँकी कर</th></tr>
<tr><td>विजय लामा</td><td>४९४०७०</td><td>०</td><td>४९४०७०</td><td>8907</td><td>४९४०</td><td>३९६७</td></tr>
<tr><td>त्रिलोक चन्द्र गुरुङ</td><td>748580</td><td>211816</td><td>५३६७६४</td><td>13176</td><td>5028</td><td>८१४८</td></tr>
<tr><td>दिपक राज पौडेल</td><td>६९७३३८</td><td>१७७१३६</td><td>५२०२०२</td><td>११५२०</td><td>६९७३</td><td>४५४७</td></tr>
<tr><td>प्रज्वल देवकोटा</td><td>४७७८७०</td><td>०</td><td>४७७८७०</td><td>७२८७</td><td>४७७८</td><td>२५०९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१९१७१</td></tr>
</table>
<br>(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्योट गरिएको छ।)</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कम्प्युटर प्रिन्टर खरिद<br>सार्वजनिक निकायले सार्वजनिक खरिद कार्य गर्दा खरिद सम्झौतामा उल्लेख भएका शर्तका आधारमा खरिद कार्य गर्नुपर्दछ।कार्यालयले वडा कार्यालयको लागी आवश्यक कम्प्युटर तथा प्रिन्टर खरिद गर्न हिमालयन अफिस अटोमेसन प्रा लि संग सम्झौता गरी रु.७९२०००।०० भुक्तानी गरेकोमा सम्झौताको वि.ओ.क्यु मा खरिद गर्ने कम्प्युटर तथा सामाग्रीको ३ वर्षे वारेन्टी उल्लेख भएकोमा सप्लायर्सले उपलव्ध गराउनुपर्ने सामाग्रीको पहिचान सहितको वारेन्टी प्रमाणपत्र पालिकामा पेश गरेको पाइएन।कार्यालयले खरिद पश्चातको सेवा सहितको सम्झौता गरी भुक्तानी गरेकोमा सोको सुनिश्चितता पश्चात मात्र भुक्तानी गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्नेमा सो नगरी देहायका बिभिन्न फर्महरुबाट कार्यालय सामानहरु सिधै खरिद गरिएको तथा सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी एउटै फर्मसँग पटक पटक खरिद भएकोले उक्त रकम अनियमित देखिएको रु | १,४००,३२६ |

| भौ नं | खरिदको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ६६ | स्वास्थ्य सस्थाको लागी कम्प्युटर प्रिन्टर खरिद | २५१००० |
| ९६ | ल्यापटप, कम्प्युटर प्रिन्टर खरिद | १३५००० |
| १५४ | ल्यापटप खरिद | १३०००० |
| ३(पालिका पुँजीगत) | ल्यापटप खरिद | ६६७९८९ |
| १८२(पालिका पुँजीगत) | ल्यापटप प्रिन्टर खरिद | ८५००० |
| ३४६ पालिका चालु | विभिन्न सामाग्री खरिद | १३१३३७ |
| | | १४००३२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **हात्तिपाइले रोग विरुद्धको औषधि सेवन कार्यक्रम**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी भएको आर्थीक वर्ष २०७७।७८ मा शर्शत अनुदानतर्फ स्थानीय तहवाट कार्यान्वियन गरीने स्वास्थ्य तथा जनसंख्या सम्वन्धी कार्यक्रमहरुको लागी सञ्चालन मार्गदर्शनको इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रमको क्रियाकलाप नं २.७.२२.७० को कार्यक्रम नं (ट) मा गाउँपालिका स्तरमा प्रतिस्वास्थ्यकर्मी प्रतिदिन १४० जना जनसंख्यालाई औषधी सेवन गराउने र सोही अनुपातमा स्वास्थ्य स्वयंसेविका समेत परिचालन हुने गरी वजेट व्यवस्थापन गरेकोमा पालिकाभित्र ६७८४ जनसंख्यालाई औषधी सेवन गराउन एक दिन वडास्तरमा वुथ सञ्चालन गरि र एक दिन घरदैलो कार्यक्रम मार्फत ४४ स्वास्थ्यकर्मी परिचालन गरेकोमा सोही अनुपातमा ४४ जना महिला स्वयंमसेविका परिचालन गरी औषधी सेवन गराउनुपर्नेमा ६९ महिला स्वयंसेविका परिचालन गरी २ दिनको भुक्तानी गरेकोले प्रतिदिन रु.६०० का दरले २५ जना महिला स्वयंसेविकालाई २ दिनको वढी भुक्तानी भएको रकम दामासाहीले असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्न रु..<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |
| ५९ | | | **कृषि अनुदान**<br>पालिकाले संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ। | |

| सि नं | भौचर नं | विवरण | रकम |
|---|---|---|---|
| 1. | १२१ | आलु पकेट क्षेत्र पसगाँउ सिङ्दी तरकारी आलु कृषक समुह | ५००००० |
| 2. | १२९ | मौरी पकेट विकास कार्यक्रम मालिङ मौरिपालन कृषक समुह | ४५०००० |
| 3. | १३० | मौरी पकेट विकास कार्यक्रम उत्तरकन्या मौरी पकेट समिती | २३०००० |
| 4. | १३१ | मौरी पकेट विकास कार्यक्रम पुड्कुदेवी मौरीपालन समुह | ५२०००० |
| 5. | १३९ | मालिङ तरकारी पकेट क्षेत्र अनुदान | ७००००० |
| 6. | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १५६ | क्व्होलासोंथार भेडा पालन समुह | ४२६१३८ | | |
| | | | | 7. | १६१ | वाख्रा पकेट तथा भेडा संरक्षण कार्यक्रम घाँस विउ वितरण | २५५००० | | |
| | | | | 8. | १६२ | वाख्रा पकेट विकास कार्यक्रम | ९६०००० | | |
| | | | | 9. | १५८ | लागत साझेदारीमा भेडा संरक्षण कार्यक्रम | २४८२२० | | |
| | | | | 10. | ९० | मौरि सहितको घार वितरण | ४००००० | | |
| | | | | 11. | १०३ | मौरि सहितको घार वितरण | १५०००० | | |
| | | | | 12. | १०४ | आलुको विउ अनुदान | ५००००० | | |
| | | | | 13. | १३५ | मौरी घार वितरण | २००००० | | |
| | | | | 14. | १४१ | बगुम सामुहिक तरकारी खेति अनुदान | १५०००० | | |
| | | | | 15. | १४३ | आलुको विउ वितरण | १५०००० | | |
| | | | | 16. | १८५ | अलैची फर्म लाई | ४८००० | | |
| | | | | 17. | १८६ | बंगुर पालिन | १९२००० | | |
| | | | | 18. | १८८ | भेडा फर्म विस्तारको | ८०००० | | |
| | | | | 19. | २०३ | भैसि वितरण | ३००००० | | |
| | | | | 20. | २३६ | तरकारी खेतिको लागि प्लास्टिक टनेल | १५०००० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 21. | २३४ | मैसि वितरण | ३००००० | | |
| | | | | 22. | २४९ | वंगुर वितरण | १७०००० | | |
| | | | | 23. | २५९ | कृषि पशुपंक्षी पालन अनुदान | ६००००० | | |
| | | | | 24. | २६१ | सामुहिक तरकारी खेतिका लागि अनुदान | १५०००० | | |
| | | | | 25. | २६५ | खोल्दा स्वारा बाख्रा फर्म लाई अनुदान | १००००० | | |
| | | | | 26. | २७० | बाख्रा वितरण | ३१०००० | | |
| | | | | 27. | २७४ | बाख्रा र भैसी अनुदान | २००००० | | |
| | | | | 28. | २७५ | मौरि सहितको घार वितरण | ३९९६६५ | | |
| | | | | 29. | २७९ | भेडा तथा बाख्रा पालन समुहलाई अनुदान | १५०००० | | |
| | | | | 30. | २९४ | मौरी घार वितरण | २००००० | | |
| | | | | 31. | ३०० | मौरीको घार वितरण | ५६०००० | | |
| | | | | 32. | ३४१ | मेलमिलाप वंगुर फर्म लाई पाठापाठी वितरण | १६०००० | | |
| | | | | | कृषि चालु तर्फ | | | | |
| | | | | 33. | ९ | तरकारी विउ वितरण | १५०००० | | |
| | | | | 34. | १३ | जै घु तथा केराउको विउ वितरण | १२९१७५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 35. | ३१ | धानको विउ अनुदान | १००००० |
| 36. | ३८ | वंगुरको पाठा पाठी वितरण | १५४००० |
| 37. | ४० | भौरीको गोला सहितको ईर वितरण | १००००० |
| 38. | ४१ | प्लास्टीक टनेल | १४०००० |
| 39. | ४२ | कुखुरा वितरण | १४०००० |
| 40. | ४५ | फुल्मो कुखुरा पालन समुह लाई कुखुरा अनुदान | १४०००० |
| 41. | ४६ | कुखुरा वितरण | १४०००० |
| 42. | ४८ | धानको विउ वितरण | १९९२५ |
| 43. | ५८ | बोका वितरण | २४०००० |
| 44. | | जम्माः | ११३६२१२३ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

क.अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । ख.कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । ग.अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन । | |
| ६० | | | **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**<br>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ७ अन्तर्गत ७.१ मा परियोजनावाट सम्वन्धित पकेट, व्लक, जोन र सुपरजोनमा उपलव्ध हुने सुविधाको व्यवस्था गरिएको छ।जसअनुसार परियोजना कार्यान्वयन गर्दा कृषि उत्पादनका सामाग्रीहरु (विउ, वेर्ना, विरुवा, माछाभुरा तथा पशुनश्ल लगायत) मा वढीमा ५० प्रतिशत, प्राविधिक सहयोग १०० प्रतिशत, प्रयोगशाला सेवाहरु वढीमा ८५ प्रतिशत र कृषि औजार उपकरणहरु वढीमा ५० प्रतिशत अनुदान दिने उल्लेख गरिएकोछ। पालिकाले मालिङ तरकारी पकेट क्षेत्रमा अनुदान उपलव्ध गराउँदा कार्यविधी अनुसार विउ, वेर्ना, विरुवा, पशुनश्ल तथा कर्षि औजार तथा उपकरण र प्राविधिक सहयोगमा तोकिएवमोजिम प्रतिशतका आधारमा अनुदान दिनुपर्नेमा देहायवमोजिमका पकेट कार्यक्रमहरुमा डोर हाजिरी राखि सोको पचास प्रतिशत समेत अनुदान दिएको रकम अनियमित देखिएको रु.. | १,२००,००० |

| भौ नं | अनुदानग्राहीको नाम र अनुदान विवरण | परियोजना कुल लागत | कुल लागतमा समावेश डोर हाजिरी | पालिकावाट भुक्तानी भएको अनुदान |
|---|---|---|---|---|
| १३९ | मालिङ तरकारी पकेट क्षेत्र अनुदान | १४५८५०४ | ६२३१९३ | ७००००० |
| १२१ | आलु पकेट क्षेत्र पसगाँउ सिङ्दी तरकारी समुह | १०००००० | ४८४००० | ५००००० |
| | जम्मा | २४५८५०४ | ११०७१९३ | १२००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **मौरी पकेट विकास कार्यक्रम**<br>१३०।२०७८।०३।२३ मौरी पकेट विकास कार्यक्रम अन्र्तगत उत्तरकन्या मौरी पकेट समुहलाई १२४ थान खालि घार तथा ६ वटा गोला सहितको घार वापतको रु२३०००००।०० अनुदान उपलव्ध गराएकोमा उक्त घार वितरणको भरपाई पेश गर्नुपर्ने रु..<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |
| ६२ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा जिल्ला तथा स्थानीय तहले तय गरेको दररेट निर्धारण समितिले तय गरेको दरमा सामानहरु खरिद गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले भौ नं २ वाट रु १ लाख खर्च गरी (५० प्रतिशत अनुदानमा) देहायका सामान खरिद गरेको तर जिल्ला दररेटमा उक्त सामानको कम दर भएकोमा देहायअनुसार वढी भुक्तानी भएकोले वढी भुक्तानी रकम असुल गर्नुपर्ने रु | |

| सामानको विवरण | खरिदको संख्या | खरिदको दर | जिल्ला दररेटअनुसारको दर | वढी भुक्तानी | ५० प्रतिशत अनुदान वढी भुक्तानी |
|---|---|---|---|---|---|
| विजु कागती | ३५६५ | ५० | ४० | ३५६५० | १७८२५ |
| सुन कागती | १०९ | २०० | १५० | ५४५० | २७२५ |
| | ३६७४ | | | ४११०० | २०५५० |

***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६३ | | | **आलुविउ खरिद**<br>आलु विउ खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण गर्न रु १० लाखका कुल १२५०० केजी विउ खरिद गरी कार्लालयले रु ५ लाख भुक्तानी गरेकोमा वडा नं ४ का वडा सदस्य दिल वहादुर गुरुङलाइ ४८०० केजी विउ दिएकोमा निजले पुनः वितरण गर्नुपर्नमा वितरण गरेको नदेखिएकोले वितरणको भर्पाइ पेश गर्नुपर्ने (४८००*४०) रु<br>साथै आलु विउ खरिद गरि वितरण गरेकोमा जग्गाको स्वामित्व तथा रोपणको सम्भाव्यता एकिन नगरी खासादेवी गुरुङ (वडा नं ९) लाइ ७०० केजी, वडा नं ९ कै कमरजंग गुरुङलाइ ६६० केजी, कुल वहादुर गुरुङलाइ ५०० केजी आलु वितरण गरेको देखिन्छ।<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>
सामान खरिद<br>
अर्थ मन्त्रालयको आ व २०७७।७८ को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनमा नगद कारोवार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि निर्माण व्यवसायी, आपुर्तिकर्ता, सेवा प्रदायक र परामर्शदातालाइ अनिवार्य रुपमा सम्वन्धीतको वैंक खातामा भुक्तानी दिनुपर्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ। कार्यालयले कृषि पुजीगत उपशिर्षकवाट देहायअनुसारका सामानहरु खरिद गर्न पालिकाकै कर्मचारी श्रीकान्त न्यौपानेलाइ रु ७ लाख भुक्तानी गरेको देखिन्छ। सामान खरिद गर्न व्यक्तिलाइ रकम दिनु आर्थिक अनुसासनको उल्लंघन हो। व्यक्तिलाइ रकम दिने कार्यमा निरुत्साहन गरी आन्तरिक नियन्त्रण प्रभावकारी वनाउनुपर्दछ।
<table>
<tr><th>भौ नं</th><th>सामानको नाम</th><th>रकम</th><th>भुक्तानी</th></tr>
<tr><td rowspan="4">७</td><td>९ थान कम्वाइन राइस मिल</td><td>३६००००</td><td rowspan="5">५० प्रतिशत रकम रु ७ लाख भुक्तानी</td></tr>
<tr><td>१५ थान मिनिटिलर</td><td>९०००००</td></tr>
<tr><td>२ थान कफि पल्पिङ मेशिन</td><td>७००००</td></tr>
<tr><td>३ थान व्रस कटर</td><td>७५०००</td></tr>
<tr><td></td><td></td><td>१४०५०००</td></tr>
</table>
ठुलो रकम मेशिनरी सामानमा खर्च गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार शिलवन्दी दरभाउपत्रवाट गर्न सकिनेमा नगरी कार्यालयका कर्मचारी मार्फत सामान खरिद गरी रकम भुक्तानी दिनु उचित देखिएन। साथै खरिद गरेका सामान सहि प्रयोगमा आए नआएको सुनिश्चित समेत गर्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **सुधारिएको चुलो (वायोमास) प्रविधि जडान**<br>१५१।२०७८।०३।२६ पालिकाले सुधारिएको चुलो (वायोमास) प्रविधी जडान कार्यक्रममा कर्मदा ट्रेड एण्ड सप्लायर्सवाट ४० थान रकेट चुल्हो खरिद गरी रु२००००००।०० भुक्तानी गरेकोमा लेखापरीक्षण अवधीसम्म पनी उक्त चुल्हो स्टोरमा रहेकोले उक्त चुल्हो वितरण गरी वितरणको भरपाई पेश गर्नुपर्ने रु साथै उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयवाट जारी भएको स्थानीय तहका लागी नवीकरणीय/वैकल्पिक उर्जा शिर्षकमा विनियोजित शसर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यन्वयनका लागी मार्गदर्शनको बुँदा नं ३ मा नेपाल सरकारवाट अनुदान प्राप्त प्रविधीमा स्थानीय तहले पहिचान गरेका उपभोक्ता समुदायको लागि उपलब्ध गराउने अनुदानमा संघ प्रदेश र स्थानीय तहको कुल अनुदानमा कम्तीमा १० प्रतिशत उपभोक्ता वा समुदायको लगानी सुनिश्चित गरी अनुदान दिने व्यवस्थानुसार पालिकाले उपभोक्ताको लगानी सुनुश्चित गरी वितरण गर्ने व्यवस्था गर्नुपर्दछ।<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्योट गरिएको छ।)*** | |
| ६६ | | | **लागत अनुमानको आधार पेश नभएको**<br>१५२।२०७८।०३।२६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेसिफिकेशनको आधारमा सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतीको खरिद गर्दा लागेको वास्तविक लागत वा स्थानीय वजारमा प्रचलित दरभाउ तथा उधोग वाणिज्य महासंघले जारी गरेको दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले पालिकाका विभिन्न स्थानमा सौर्य सडक वत्ती जडान गर्ने कार्यको लागी रु ४९२७८९०।०० लागत अनुमान गरेकोमा विद्युतिय वोलपत्रमार्फत दिप लाइट इनर्जी प्रा लि संग रु.३२७९४२५।०० मा सम्झौता गरी भुक्तानी गरेको छ।लागत अनुमानको आइटमगत दर विश्लेषणको अध्ययन गर्दा पालिकाले कुनै पनी आधारवेगर अनुमानित दरमा दर विश्लेषण गरेको देखिन्छ।कार्यालयले खरिद प्रक्रियालाई प्रतिष्पर्धात्मक एवम् पारदर्शि वनाउन तोकिवमोजिम आधारमा लागत अनुमान गरी यथार्थपरक लागतमा प्रतिष्पर्धा गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६७ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.९८७२८० को औषधी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको, • आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको, • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • गाउँपालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको, • म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको, • पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>इट्टाको काममा बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावलिको नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्दछ।कार्यालयले सिङ्दी आधारभुत स्वास्थ्य केन्द्र र घाम्राङ सामुदायिक स्वास्थ्य इकाई लाभग्राही समुहवाट निर्माण गरेकोमा प्राविधिक मुल्यांकनअनुसार इटाँको कामको लागी प्रतिघनमिटर ५६० वटा इटाँ आवश्यक पर्ने नर्म्सअनुसार देहायवमोजिम कम इटाँ खपत भएको अवस्थामा वढी मुल्यांकन गरी भुक्तानी दिइएको छ। स्वीकृत नर्म्सअनुसार आवश्यक परिमाणमा खरिद नभएको अवस्थामा काम भए नभएको एकिन गर्न सकिएन।यसरि विलभन्दा वढी मुल्यांकन भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण कार्य</th><th>कामको परिमाण(घ. मि)</th><th>मुल्यांकन अनुसार हुनुपर्ने विल</th><th>उपभोक्ता समितीले पेश गरेको विल</th><th>वढी खपत देखाइएको</th><th>इटाँको दर मु अ कर सहित</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१०</td><td>सिङ्दी आधारभुत स्वास्थ्य केन्द्र भवन</td><td>१४.९८</td><td>८३८९</td><td>५०००</td><td>३३८९</td><td>१२.९९</td><td>४४०४०</td></tr>
<tr><td>१८</td><td>घाम्राङ सामुदायिक स्वास्थ्य इकाई</td><td>२१.२३</td><td>११८८८</td><td>६०००</td><td>५८८८</td><td>१७.९८</td><td>१०५८६६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१४९९०६</td></tr>
</table></td><td>१४९,९०६</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br>११।२०७८।०३।२१ सुरक्षित नागरिक आवास कार्यविधी २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ। पालिकाले यस वर्ष ७४ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु २९९९७।०० का दरले सुरक्षीत नागरिक आवास अनुदान रकम वापत जम्मा रु.२२१८२९८।०० उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td></td><td></td><td>बढी भुक्तानी<br>१३,१४ २०७८।०३।२१ पालिकाले घिम्चेखोला झोलुङ्गे पुल तथा चिम्रोखोला झोलुङ्गेपुल निर्माण कार्य गर्न उपभोक्ता समितीसंग भएको सम्झौताअनुसार ७४ प्रतिशत सर्शत अनुदानवाट १३ प्रतिशत गाउँपालिका र २ प्रतिशत लागत उपभोक्ता समितीवाट भुक्तानी हुने सम्झौता भएकोमा पालिकाले देहायका झोलुङ्गेपुल निर्माण उपभोक्ता समितीलाई भुक्तानी गर्दा उपभोक्ताको अंश कट्टी नगरी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु..<br><table>
<tr><th>उपभोक्ता समिती</th><th>मुल्यांकन रकम</th><th>पालिकावाट भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>घिम्चेखोला झो. पु निर्माण उ.स</td><td>१६७४३३३</td><td>१६४०८४६</td><td>१६७२८८३</td><td>३२०३७</td></tr>
<tr><td>चिम्रोखोला झो. पु निर्माण उ.स</td><td>१२८७३२३</td><td>१२६१५७६</td><td>१२८७३२३</td><td>२५७४७</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>५७७८४</td></tr>
</table></td><td>५७,७८४</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>खरिद नगरी ढुवानी विल भुक्तानी<br>१४।२०७८।०३।२१ चिम्रोखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितीसंग भएको सम्झौताअनुसार चिम्रोखोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समितीलाई रु.१२८७३२३।०० भुक्तानी भएकोमा प्राविधिक मुल्यांकनमा सिमेन्टको काम नभएको तथा उपभोक्ताले खरिदको विल पनि पेश पेश नगरेकोमा सिमेन्ट तथा टुल्स ढुवानी भनी रु.३८१२७।०० भुक्तानी भएकोले काम नभई भुक्तानी भएको रकम उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु ...</td><td>३८,१२७</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगरेको<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लतग कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नु पर्ने, भत्ता वितरण गर्दा बैक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, एम आइ एस प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।तर यस पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको तथा नगद रुपमा सामाजिक सुरक्षा भत्ता विरण गरेकोले कार्यविधिको पालना गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **खाता सक्रिय नभएको**<br>सामाजिक सुरक्षा कार्यक्रकम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने ब्यवस्था छ।सिभिल बैंक लिमिटेड बाट वडा नम्बर १ देखी ९ सम्ममा 207८। ०३।31 सम्ममा १०० लाभग्राहिहरुको जम्मा रु.११११५५०९।00 रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण लेखापरीक्षणका क्रममा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी वास्तविक लाभग्राही नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानी**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक\वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ।उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने व्यवस्था रहेको छ।पालिकाले तपशिलको व्यक्तिहरूलाई प्रथम चौमासिक भत्ता वितरण गर्दा दोहोरो नागरिकता नम्वर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ।नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन।के कारणले नागरिकता नम्बर दोहोरिएको हो सो पहिचान गरि वास्तविक लाभग्राहि बाहेकको लाइ भत्ता वितरण भएको भए एकिन गरि असूल गर्नुपर्ने रु. | |

| सि नं | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | नागरिकता नं | वुझेको रकम |
|---|---|---|---|---|---|
| ६६ | ज्येष्ठ नागरिक दलित | काले वि.क | ६ | ४५३०१४÷२९ | ८००० |
| ७५ | ज्येष्ठ नागरिक एकल महिला | काली वि.क | ६ | ४५३०१४÷२९ | ८००० |
| | | | | जम्मा | १६००० |

***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **मृत्यु भएका व्यक्तिलाई भत्ता वितरण**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले प्रथम चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चात पनि भत्ता वितरण गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु...<br><br>सि नं \| लाभग्राहीको प्रकार \| लाभग्राहीको नाम \| वडा नं \| मृत्यू मिति \| वढी वुझेको रकम<br>१ \| ज्येष्ठ नागरिक \| वादीरामा गुरुङ \| ५ \| २०७७।०६।२९ \| ३०००<br>२ \| ज्येष्ठ नागरिक \| उमरजंग गुरुङ \| ७ \| २०७७।०४।३१ \| ९०००<br> \| \| \| \| जम्मा \| १२०००<br><br>***(उपरोक्त बेरुजु कार्यालयको निर्णय अनुसार प्रतिक्रियाको आधारमा फर्स्यौट गरिएको छ।)*** | |
| ७६ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकार क्षेत्रको व्यवस्था रहेको छ।तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५८, ५९ र ६१ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष पालिकामा विविध सिफारिस दस्तुरमा आन्तरिक आयवापत रु.२६ लाख ९७ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.नं हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>ढिला दाखिला<br>आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुनवमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट जिम्मेवार व्यक्तीले तोकिएवमोजिम ढाँचामा राजस्वको लेखा राखी वैक दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकामा नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्नानुसार वडाको राजस्व रकम नियामानुसार समयमा जम्मा नभई ढिला दाखिला हुने गरेको देखिन्छ। पालिकाले नियमको पालना गर्दै समयमै राजस्व दाखिला गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।
<table>
<tr><th>संकलन स्थान</th><th>संकलन मिति</th><th>दाखिला मिति</th><th>रकम</th></tr>
<tr><td>वडानं २</td><td>२०७८ असार ३१ गते</td><td>२०७८ आश्विन ४</td><td>३१४४</td></tr>
<tr><td>पशु शाखा</td><td>२०७७।०६।१२ देखि २०७८।०३।२५ सम्म</td><td>२०७८ असार २८</td><td>३४९००</td></tr>
<tr><td>वडा नं ६</td><td>२०७८।०१।०४ देखि २०७८।०३।२४ सम्म</td><td>२०७८ असार २७</td><td>११९००</td></tr>
<tr><td>प्रशासन शाखा</td><td>२०७७।०४।१५ देखि २०७८।०१।१५ सम्म</td><td>२०७८ असार २५</td><td>८१६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>आन्तरिक आय सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार छन्<br>आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् : • वैंक नगदी कितावःकार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ । • मनोरञ्जन करः-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ। • जडीवुटी कवाडी र जीवजन्तु करः ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>कोभिड १९ तर्फ<br>कोभिड १९ तर्फः आ व २०६७।७८ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| आम्दानीको स्रोत | २०७८ असार मसान्त सम्म प्राप्त रकम | खर्च शिर्षक | २०७८ असार मसान्त सम्मको खर्च |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | १०००००० | राहात वितरण | ० |
| प्रदेश सञ्चित कोषबाट | ५००००० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ४५०९८७ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | १०००००० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ० |
| संघीय कोभिड कोषबाट | | जनशक्ति परिचालन (तलव) | २४४८५३ |
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ८३४५४४ |
| अन्य स्रोतबाट प्राप्त | ६६२१६९ | स्वास्थ्य पूर्वाधार निर्माण | ० |
| | | अन्य शीर्षकमा भएको खर्च | ० |
| | | बाँकी | १६३१७८५ |
| जम्मा | ३१६२१६९ | जम्मा | ३१६२१६९ |

माथि उल्लेखित खर्चको विवरण अनुसार देखिएका व्यहोरा देहायअनुसार छन्: • यस पालिकाले तयार तथा सञ्चालन गरेको क्वारेन्टिन तथा होल्डिङ सेन्टरमा निर्माण तथा सञ्चालन व्यवस्थापन रु ४ लाख ५१ हजार खर्च गरेको देखिन्छ। • औषधी स्वास्थ्य सामाग्री एवं उपकरण खरिद गर्दा पटक पटक रुपमा रु ८ लाख ३४ हजारको सोझै खरिद भएको देखिन्छ। • वेशिशहरमा क्वारेन्टाइन तथा सुरक्षामा खटिएवापत भौ नं ३ वाट रु २३८४३१। खर्च गरेको छ। उक्त रकम वेशिशहर, क्व्होलासोथार तथा मर्स्याङदी

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत ३ पालिकाले व्यहोर्ने उल्लेख गरेकोमा कुन पालिकावाट कति खर्च व्यहोरीयो र कति खर्च भयो भनि खुल्ने विवरण तयार नगरी रकम मात्र भुक्तानी गरेको छ। • पालिकाले भौ नं ९ वाट चिराग फार्मेशीलाइ अक्सिजन सिलिन्डर लगायतको लागि रु ३०७६४२। तथा भौ नं १३ वाट अक्सिजन सिलिण्डर ६ थान, कन्सनट्रेटर रु १ लाख ९० हजारको १ थान समेतका सामान एभरेष्ट सर्जिकल एण्ड ल्याव्रोटरी कन्सर्न वाट खरिद गरी रु ४८७७०७। भुक्तानी दिएकोमा सामानहरु सोझै खरिद गरेको देखिन्छ भने चिराग फार्मेशिवाट अक्सिजन सिलिण्डर २ थान खरिद गरेकोमा प्रति इकाइ मुल्य रु १६५००। छ भने एभरेष्ट सर्जिकल एण्ड ल्याव्रोटरी कन्सर्नवाट ६ थान खरिद गरेकोमा प्रति इकाइ मुल्य रु २१५००। रहेको छ। यसरी एकै प्रकृतिको सामान खरिदमा अलग अलग दर राख्नु उचित देखिएन। | |
| ८० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ र सामुदायिक वाख्राफार्म निर्माण लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६४ जनालाई रोजगारी उपलव्ध गराई औषत ९९ दिनको लागि रु. ९४ लाख ३२ हजार खर्च गरेको छ । लक्षित वर्गलाई ७ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ८१ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु मध्ये श्रेष्ता अभिलेखमा भौचर नराखेको, प्यानविलवाट खरिद गरेको, रकम भुक्तानीमा भरपाई नरहेको, तलव भत्ता भुक्तानीमा वैक प्रमाणित पत्र नरहेको, सामान खरिदमा कोटेशन समावेश नगरेको लगायतको सैद्धान्तिक व्यहोराहरु समावेश भएको छ। साथै अन्तर सरकारी अख्तियारीको लेखापरीक्षण कोलेनिकाले गरेको छ। जसमा सामाजिक सुरक्षा तर्फ कार्यालयले विभिन्न कर्मचारी मार्फत भएको सामाजिक सुरक्षा भत्ताको पेश्की फछ्र्यौट गर्दा कोलेनिका फिर्ता गर्नुपर्ने रकम रु ८११३६९। लाइ संघीय वेरुजु खातामा दाखिला गरेको छ । उक्त रकम कोलेनिका खातामा फिर्ता गर्नुपर्नेमा वेरुजु खातामा रकम राख्नु उचित देखिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८२</td><td></td><td></td><td>

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्यौंट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त नभएको पेश्की फछ्यौंट नगरेकोले उक्त पेश्की फछ्यौंट गर्नुपर्दछ।

| भौ. नं | मिति | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| ७ | २०७७।०९।०५ | रविना अविशा विकोन जे भि | ६११८८९०।९४ |

</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>

**अनुगमन तथा सम्परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । वाँकी वेरुजु समेत फछ्यौंट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल वेरुजुको स्थिति देहायअनुसार छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजू (D) | संपरीक्षणबाट कायम बेरुजू (E) | अध्याविधक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|---|---|
| १९९६५ | ३८०३ | १६१६२ | १४५२७ | ० | ३०६८९ |

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | सम्परीक्षण |
|---|---|---|---|
| २०७६। | १९.२ | झोलुङ्गे पुलमा सशर्त अनुदानवाट खर्च गर्नुपर्ने रकम गाउपालिकावाट खर्च गरेकोले सोधभर्ना लिनुपर्ने रकममा गाउपालिकावाट | २६७१०६.१६ |

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ७७ | | खर्च समर्थन | | |
| | | | २०७६।<br>७७ | २० | कपुरगाँउ मालिक साल्मे सडक स्तरोन्नती वापत प्रयास एण्ड प्रसान्त कन्ट्रक्सनको मुल्य अभिवृद्धी कर समायोजन पत्र पेश | ३३९२५ | |
| | | | २०७६।<br>७७ | ४०.४ | वुद्धोदय मावि सिलुङको भवन मर्मत वापत पावर ट्रस्ट नेपालसंग साझेदारीमा गर्ने गरी अनुदान निकासा दिइएकोमा अनुदान र सस्थाले गरेको कामको एकिन गर्नुपर्नेमा अनुदान रकम र पावर ट्रस्ट नेपालले गरेको कामको छुट्टा छुट्टै कार्यसम्पन्न पेश भएको | २०००००० | |
| | | | २०७६।<br>७७ | ३३.१ | विद्यालय अनुदान रकम अनियमित देखिएकोमा १० औ गाउँसभावट नियमित भई फछ्यौट भएको | ११७८०५३ | |
| | | | २०७६।<br>७७ | ३९.५ | जाली खरिद सम्वन्धमा नापी र मुल्यांकन पेश भएको | ३२४११३ | |
| | | | | | | ३८०३१९७.१६ | |
| ८४ | | | **सम्परीक्षणबाट कायम बेरुजु**<br>बाँकी रकम असुल गर्नुपर्ने<br><br>:<br>आर्थकि कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले खर्च गर्दा खर्चका विल भरपाई तथा खर्च प्रमाणित गर्ने कागजात राखि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वुद्धोदय मावि सिलुङको भवन मर्मत गर्न पावर ट्रस्ट नेपालवाट रु.१७०००००। र गाउपालिकावाट रु.२०००००० । अनुदान गरी कुल रु.३७०००००। मा भवन मर्मत गर्न सम्झौता भएकोमा भवन मर्मत कार्यमा रु.३३४०६४७।०० मात्र खर्च भई वाँकी रकम रु.३९१२१७।०० पावर ट्रस्ट नेपाल नामक ट्रस्टकै खातामा रहेको पत्र प्राप्त भएकोले खर्च नभइ वाँकी रहेको रकम उक्त सस्थावाट असूल गर्नुपर्ने रु | | | | ३९१,२१७ |

https://nams.oag.gov.np